## श्री जनसंख्या तथा वातावरण मन्त्रालय,सिंहदरवारमा पेश गरेको स्थलगत निरिक्षणको प्रतिवेदन ।

रिट निवेदक नारायण प्रसाद देवकोटा विपक्षी यस मन्त्रालय समेत भएको रिट निवेदनको सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको फैशला बमोजिम रोडा ढुंगा, गिट्टीको संकलन तथा उत्खनन् एवं अनुगमन गर्नको लागि नेपाल सरकार माननिय मन्त्री स्तरीय निर्णयानुसार यस मन्त्रालयको वातावरण महाशाखाको प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको प्राविधिक समिति गठन भएको ।

क) संयोजक, वातावरण महाशाखा, सहसचिव, जनसंख्या तथा वातावरण मन्त्रालय
ख) सदस्य, सि.डि.इ माइनिङ्ग, खानी तथा भूगर्भ विभाग
ग) सदस्य, जियोलोजिष्ट, खानी तथा भूगर्भ विभाग
घ) सदस्य, विभागीय प्रमुख, वातावरण विभाग,त्रि.वि
ङ) सदस्य प्रतिनिधी,उपसचिव(प्रा.) बन तथा भूसंरक्षण मन्त्रालय
च) सदस्य-सचिव उपसचिव(कानुन) जनसंख्या तथा वातावरण मन्त्रालय

घरेलु तथा साना उद्योग विभागको प.सं ०७२।०७३ च.नं.१४१३ मिति २०७३।०३।२७ को पत्रबाट सिन्धुपाल्चोक जिल्ला सागाँचोक गा.वि.स.वडा नं ०९ मा ढुंगा क्रसिङ्ग अन्तरगतको श्री वछला एग्रिगेट स्टोन उद्योगले क्रसर उद्योग दर्ता गर्नको लागि सो उद्योगबाट पेश भएको IEE प्रतिवेदन स्वीकृतिको लागि सिफारिश गरी पठाएको व्यहोरा उल्लेख गरिएको पत्र प्राविधिक समिति समक्ष पेश हुन आएको ।

प्राविधिक समितिको मिति २०७३।०४।१३ गते बसेको वैठकले समितिका सदस्यहरुबाट देहायका विषयमा केन्द्रित रही निरिक्षण गर्ने कार्यक्रम तय भएको ।

- हाल प्रस्ताव गरिएको स्थान नेपाल सरकारले क्रसर उद्योगको लागि तोकेको मापदण्ड भित्र पर्छ वा पर्दैन सोको अध्ययन गर्ने
- उक्त उद्योग स्थापना गरी सञ्चालन गर्दा त्यसबाट उल्लेखनिय रुपमा वातावरणीय प्रभाव पर्न सक्छ वा सक्दैन स्थानीय रुपमा छलफल समेत गरी आफ्नो राय सुझाव सहितको स्थलगत प्रतिवेदन पेश गर्ने ।

समितिको निर्णय बमोजिम समितिका सदस्य तथा अन्य कर्मचारीहरुबाट मिति २०७३।०४।२८ उद्योग सञ्चालनको लागि प्रस्ताव गरिएको स्थानको स्थलगत अध्ययन गर्दा देहाय बमोजिम भएको पाइयो :-

- उक्त क्रसर उद्योग रहन प्रस्ताव गरिएको स्थान सिन्धुपाल्चोक जिल्ला साँगाचोक गा.वि.स. वडा नं ०९ अन्तरगत अरनिको राजमार्गको दोललघाट साँगाचोक सडक खण्ड अन्तरगत

साँगाचोकबाट करिव २. कि.मि उत्तर पूर्व तर्फ सञ्चालकहरुले तीस वर्षको लागि भाडामा लिएको जग्गामा स्थापना गर्न खोजिएको पाइयो ।





- सो उद्योगले स्थापना गरी सञ्चालन गर्न प्रस्ताव गरिएको स्थान राजमार्गबाट करिव दुई कि.मि भन्दा बढीको दुरीमा रहेको पाइयो ।



- सो स्थानमा हाल मकै खेती लगाइएको कृषियोग्य जमिन तथा स-साना बोट विरुवाहरु रहेको पाइयो ।





- सो प्रस्तावित उद्योगका सञ्चालकहरु सँग सोधपुछ गर्दा निजहरुले त्यस वडामा बस्ने माझी जातिहरुको वारी ५० रोपनी प्रति वर्ष प्रति रोपनी दश हजारको तीस वर्षको लागि लिजमा लिएको र उद्योग सञ्चालनमा नआउन्जेल सम्मको लागि खेती गर्न दिएको जानकारी प्राप्त हुन आएको ।



- उक्त स्थान राजमार्ग, खोला, विद्यालय, स्वास्थ्य चौकी लगायतका स्थानबाट ५०० मिटर भन्दा टाढा रहनुका साथै नेपाल सरकारले तोकेको अन्य मापदण्डहरु पुरा भएको पाइयो

- निवेदकले क्रसर उद्योगको लागि प्रस्ताव गरिएको स्थानबाट करिव पाँचसय मिटर दक्षिण तर्फ इन्द्रावती खोलाको किनारामा भूमी निमार्ण सेवा नामको क्रसर उद्योग रोशनराज गिरीले सञ्चालन गर्दै आएको र उक्त उद्योग नेपाल सरकारले तोकेको मापदण्ड विपरित हुनुका साथै स्थानीय व्यक्तिहरुबाट प्राप्त जानकारी अनुसार त्यस उद्योगले स्वीकृति नलिई सञ्चालन हुदै आएको पाइयो ।





**<u>समितिको निश्कर्ष एवं सुझावहरुः</u>**

घरेलु तथा साना उद्योग विभागबाट प्राप्त हुन आएको आइ.इ.ई प्रतिवेदन र सोसँग संलग्न रहेको फाइलमा संलग्न कागजातहरुको अध्ययन तथा क्रसर उद्योग स्थापना गर्न प्रस्ताव गरिएको ठाँउमा गरिएको स्थलगत निरिक्षण तथा उद्योग सञ्चालकसँग गरिएको कुराकानीको आधारमा देहाय बमोजिम हुनको लागि सुझाव पेश गरेका छौ :-

- प्रस्तावित उद्योग सञ्चालनको लागि तय भएको स्थानको वाँया तर्फ केही कृषि योग्य जमिन समेत रहेको देखिदा त्यसमा कुनै असर नपर्ने गरी संरक्षणको उपाय अपनाउनु पर्ने देखिएको ।
- माथि उल्लेखित अवस्थाहरु बाहेक प्रस्तावित उद्योग प्रा.लिले उद्योग स्थापना गर्न प्रस्ताव गरेको स्थान नेपाल सरकारले क्रसर उद्योगको लागि निर्धारण गरेको अन्य सवै मापदण्ड पुरा गरेको पाइएको ।
- सो उद्योगले प्रस्तावित गरेको स्थानको नजिकै हाल विना मापदण्ड तथा स्वीकृति नलिई सञ्चालन हुदै आएको भूमि निर्माण सेवा साँगाचोक ९ सिन्धुपाल्चोकको सम्वन्धमा छानविन गरी आवश्यक कारवाही गर्न घरेलु तथा साना उद्योग विभागमा लेखि पठाउनु पर्ने

**<u>प्रतिवेदकहरु</u>**

| | |
|---|---|
| ............................... | .................................... |
| मधुदेवी घिमिरे | जयराज घिमिरे |
| उपसचिव (प्रा) | सि.डि.ई माइनिङ्ग |
| वन तथा भूसंरक्षण मन्त्रालय | खानी तथा भूर्गभ विभाग |
| .......................... | .................................... |
| दिनेश नापित | पुरुषोत्तम नेपाल |
| सि.डि.जियोलोजिष्ट | उपसचिव(कानुन) |
| खानी तथा भूर्गभ विभाग | जनसंख्या तथा वातावरण मन्त्रालय |